# ललितपुर महानगरपालिका

ललितपुर महानगरपालिका

# स्थानीय राजपत्र

ललितपुर महानगरपालिकाद्वारा प्रकाशित

वर्ष २) ललितपुर, भदौ १८ गते, २०७६ साल (अतिरिक्ताङ्क ३


## भाग १

### ललितपुर महानगरपालिकाको
### बैठक भत्ता निर्धारण सम्बन्धी मापदण्ड, २०७६

**प्रस्तावना :**

ललितपुर महानगरपालिकाको बैठकलाई व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम ललितपुर महानगरपालिकाको नगर कार्यपालिका बैठकबाट बैठक भत्ता सम्बन्धी मापदण्ड, २०७६ बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस मापदण्डको नाम "ललितपुर महानगरपालिका बैठक भत्ता निर्धारण सम्बन्धी मापदण्ड २०७६" रहनेछ ।

(ख) यो मापदण्ड २०७६ श्रावण १ गते देखि लागु हुनेछ ।

२) परिभाषा :

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरसभा" भन्नाले महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" बैठक भन्नाले महानगर कार्यपालिकाको बैठक सम्झनु पर्छ ।

(ग) "वडा समिति बैठक" भन्नाले महानगरपालिकाको वडा कार्यालयको बैठक सम्झनु पर्छ ।

(घ) "विषयगत समिति" भन्नाले नगरसभा र नगर कार्यपालिकाबाट गठन भएका विषयगत समितिहरु साथै प्रचलित कानुनमा समिति गठन हुने व्यवस्था भए अनुसार कार्यपालिकाबाट गठित समिति लगायत अन्य समितिको बैठकलाई जनाउँछ ।

(ङ) "प्रमुख" भन्नाले महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(च) "उप-प्रमुख" भन्नाले महानगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले महानगरपालिका वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

(झ) "कार्यपालिका सदस्य" भन्नाले कार्यपालिकाको सदस्य सम्झनु पर्छ र यो शव्दले कार्यपालिकाको प्रमुख, उप-प्रमुख तथा वडा अध्यक्ष र कार्यपालिकामा निर्वाचित ८ जना सदस्य समेतलाई जनाउँछ ।

(ञ) "वडा सदस्य" भन्नाले प्रत्येक वडामा निर्वाचित सदस्यलाई जनाउँछ ।

(ट) "महाशाखा प्रमुख" भन्नाले महानगरपालिकाका विभिन्न महाशाखामा प्रमुखको रुपमा जिम्मेवारी तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ठ) "वडा सचिव" भन्नाले महानगरपालिकाबाट वडा सचिवको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

३) बैठक भत्ता मापदण्ड :

बैठक भत्ता दिने आधारहरु निम्नानुसार हुनेछ ।

(क) स्पष्ट विषय बस्तु र कार्य योजना बेगर बैठक बस्न पाउने छैन ।





(ख) कानुन बमोजिम गठन भएका समितिहरुको बैठकको लागि मात्र भत्ता प्रदान गरिनेछ ।

(ग) बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख्न पाउने छैन तर विशेषज्ञ सेवा (सम्बन्धित विषयको विज्ञ) आवश्यक परेको अवस्थामा बढीमा ३ जना सम्म आमन्त्रित सदस्यहरुलाई बैठक भत्ता प्रदान गर्न सकिने छ । साथै वडा समितिको बैठकमा सो वडाको कार्यपालिका सदस्यलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ ।

४) देहाय बमोजिमका बैठकहरुमा निम्नानुसार भत्ता निर्धारण गरिएको छ ।

(क) नगर सभा बैठक रु. २,५००/-परिबहन बापत थप रु. ५००/-

(ख) नगर कार्यपालिकाको बैठक प्रति बैठक रु. २,५००/-

(ग) विषयगत समितिमा बैठक भत्ता निम्नअनुसार निर्धारण गरिएको छ ।

(१) प्रमुखबाट अध्यक्षता हुने बैठक रु. २,५००/-

(२) उप-प्रमुखबाट अध्यक्षता हुने प्रति बैठक रु. २,०००/-

(३) प्रमुख प्रशासकीय अधिकृतबाट अध्यक्षता हुने प्रति बैठक रु. २,०००/-

(४) वडा अध्यक्षको अध्यक्षतामा हुने प्रति बैठक रु. १,५००/-

(५) महाशाखा प्रमुखको अध्यक्षतामा हुने प्रति बैठक रु. १,०००/-

(घ) कार्यपालिकाबाट गठित अन्य समितिहरुको बैठक भत्ता अध्यक्षता गर्ने व्यक्तिको आधारमा माथि उल्लेख भए बमोजिम नै हुनेछ ।

(ङ) स्थानीय तहमा ईजलास बसी न्याय प्रदान गर्दा ईजलास बसे बापत प्रति ईजलास भत्ता देहाय बमोजिम उपलव्ध गराईने छ ।

(१) प्रमुखको ईजलास बसेको दिन

(क) प्रमुख रु. २,५००/-

(ख) सम्बन्धित महाशाखा प्रमुख वा निजले तोकेको व्यक्ति १ जना रु. १०००/-

(२) उप-प्रमुखको अध्यक्षतामा हुने न्यायिक समिति बसेको दिन

(क) उप-प्रमुख रु. ५००/-

(ख) सदस्य रु. ५००/-

(ग) सम्बन्धित महाशाखा प्रमुख वा निजले तोकेको १ जना रु. ५००/-

(३) प्रमुख प्रशासकीय अधिकृतको ईजलास बसेको दिन
(क) प्रति बैठक रु. २,०००/-
(ख) सम्बन्धित महाशाखा प्रमुख वा निजले तोकेको १ जना रु. १,०००/-

४) (क) कार्यपालिकाको बैठक आवश्यकतानुसार बस्नेछ ।
(ख) महानगरपालिकाबाट गरिने अनुगमनमा अनुगमन भत्ता अध्यक्षता गर्ने व्यक्तिको आधारमा हुनेछ । तर एउटा समितिको अनुगमन भत्ता महिनाको ६ (छ) पल्ट भन्दा बढी उपलब्ध गराईने छैन ।
(ग) वडा कार्यालयको बैठक आवश्यकतानुसार बस्न सकिनेछ तर बैठक भत्ता महिनाको ३ (तीन) पटक भन्दा बढी उपलब्ध गराईने छैन ।
(घ) वडा कार्यालयको बैठकमा वडा सचिव सदस्य सचिव हुने भएकोले सदस्य सरह बैठक भत्ता पाउनेछ ।
(ङ) बैठक भत्ता उपलब्ध गराउँदा कानुन बमोजिम कर कट्टा गरिनेछ ।

५) माथि जे कुरा लेखिएको भएपनि न्यायिक समिति, विधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुको बैठक भत्ताप्रदेश कानुन बमोजिम हुनेछ । बैठक बसेको दिन यातायात खर्च बापत रु.१,५००/- का दरले उपलब्ध गराईनेछ ।

यो मापदण्ड लागु भएपछि महानगरपालिकाको बैठक भत्ता निर्धारण सम्बन्धी कार्यविधि २०७४ स्वत: खारेज हुनेछ तर उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

आज्ञाले,

**प्रेम प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३